धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ११८ ◆ २०८३ कात्तिक २७ शुक्रबार ◆ Friday, November 13, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

एनपिएलः पोखराविरुद्ध विराटनगरको रोमाञ्चक जित

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत पोखरा एभेन्जर्सविरुद्ध विराटनगर किङ्सले चार विकेटको जित निकालेको छ ।

बिहीबार सम्पन्न खेलमा पोखराले दिएको १३३ रनको सामान्य लक्ष्य विराटनगरले १९ दशमलव दुई ओभरमा छ विकेटको क्षतिमा भेट्टायो ।

खेलमा बसिर अहमदले ३७, लोकेश बमले ३३ र इमरान शेखले १० रनको योगदान दिए । अविजित रहेका इसुरु उडानाले २५ र शेहान जयसूर्याले १७ रन बनाए । पोखराका लागि बलिङतर्फ कुशल भुर्तेल र रमेश मेन्डिसले दुई-दुई तथा विपिन खत्री र धनन्जय लक्षणले एक-एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको पोखरा १७ दशमलव पाँच ओभरमा १३२ रनमा अलआउट भयो । ओपनिङ ब्याटर युवराज सम्राले उत्कृष्ट पारी खेले । उनले ४७ बलमा सात चौका र पाँच छक्कासहित ८४ रनको पारी खेलेका हुन् ।

यस्तै, धनन्जय लक्षणले २२ र सनि बिकेले १२ रन जोडे । बाँकी ब्याटरले भने दोहोरो अङ्कमा रन बनाउन सकेनन् । विराटनगर किङ्सका लागि बलिङतर्फ कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरे । उनले चार ओभरमा २७ रन दिएर सर्वाधिक छ विकेट लिए । त्यसमा सन्दीपको ह्याट्रिक समावेश छ । यस्तै, एन्जेलो म्याथ्युज, चरिथ असलङ्का र रुपेश सिंहले एक-एक विकेट लिए ।

यो जितपछि विराटनगरको प्लेअफ सम्भावना जीवितै रहेको छ । उसले छ खेल खेल्दा तीनमा जित र तीन खेलमा हारको सामना गरेको छ । बिहीबारको हारपछि पोखरा प्लेअफ दौडबाट बाहिरिएको छ । उसले छ खेलमध्ये पाँचमा पराजय र एक खेलमा मात्र जित निकालेको छ ।

हिमाली संरक्षणका लागि जलवायु वित्त जुटाउन नेपालको आह्वान

❑ *प्रत्यूष समाचारदाता*

टर्किए । कृषि, वन तथा वातावरण मन्त्री गिता चौधरीले जलवायु परिवर्तनका कारण सङ्कटमा परेको हिमाली पारिस्थितिकीय प्रणाली र समुदायको संरक्षणका लागि अन्तराष्ट्रिय एकता आवश्यक रहेको बताउनुभएको छ । उहाँले यसका लागि अनुदानमा आधारित जलवायु वित्तको व्यवस्था गर्न विश्व समुदायसँग आह्वान गर्नुभयो ।

टर्किएमा जारी 'जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१)' अन्तर्गत आज नेपाल पेभेलियनमा आयोजित 'लिभिङ सगरमाथा: पर्वतीय उत्थानशीलताका लागि विश्वव्यापी ऐक्यबद्धता र जलवायु वित्त परिचालन' विषयक छलफल सत्रलाई सम्बोधन गर्दै उहाँले हिमाल मानवताको जीवन आधार प्रणाली भएको उल्लेख गर्नुभयो ।

मन्त्री चौधरीले हिमालयले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने दुई अर्बभन्दा बढी मानिसलाई पानी, स्वच्छ हावा र जैविक विविधताको आधार प्रदान गरिरहेको बताउँदै हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर तीव्र बन्दै गएको उल्लेख गर्नुभयो ।

नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा शुन्य दशमलव एक प्रतिशतभन्दा कम योगदान गरे पनि जलवायु परिवर्तनका कारण असमानुपातिक रूपमा ठूलो क्षति बेहोर्नुपरेको उहाँको भनाइ थियो । जलवायु सङ्कटले सिर्जना गरेको यो अवस्था जलवायु अन्यायको वास्तविक उदाहरण भएको उहाँले बताउनुभयो । गत अगस्ट २६ मा नेपालले सामना गरेको रसुवा-भोटेकोशी विपद्लाई उदाहरण दिँदै मन्त्री चौधरीले हिमनदी र चट्टान खस्ने घटनासँग सम्बन्धित उक्त विपद्ले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको जानकारी गराउनुभयो ।

सो विपद्मा परी करिब एक हजार ५०० जनाको ज्यान गएको, पाँच हजार बढी बेपत्ता रहेको तथा पुनःस्थापना तथा पुनर्निर्माणका लागि नेपालको कूल गार्हस्थ्य उत्पादनको करिब १० प्रतिशत बराबरको आवश्यकता रहेको उहाँको भनाइ थियो । बूढीगण्डकी करिडोरमा त्यस्तै प्रकृतिका विपद्का घटना देखिएको उहाँको भनाइ थियो । मन्त्री चौधरीले जलवायु सङ्कटको सामना गर्न नेपालले 'लिभिङ सगरमाथा: नेपाल पर्वतीय उत्थान शीलता रणनीति' अघि सारेको जानकारी दिनुभयो । उक्त रणनीतिले जलवायु कार्य, जैविक विविधता संरक्षण, आर्थिक समृद्धि, सामाजिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र क्षेत्रीय कूटनीतिलाई एकीकृत गरेको उहाँले बताउनुभयो । उक्त रणनीति कार्यान्वयनका लागि ठोस अन्त-राष्ट्रिय सहयोग आवश्यक रहेको उल्लेख गर्दै विश्वव्यापी तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्नुपर्नेमा जोड दिनुभयो । हानि तथा नोक्सानी प्रतिकार्य कोष (एफआरएलडी)मार्फत प्रभावित समुदाय र मुलुकलाई सहयोग पुऱ्याउन समर्पित तथा शीघ्र वित्त वितरण संयन्त्र आवश्यक रहेको उहाँले बताउनुभयो । मन्त्री चौधरीले संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (युएनएफसीसीसी) को प्रक्रियामा स्थायी पर्वतीय एजेन्डा समावेश गर्न र हिमाली तथा हिमाच्छादित क्षेत्रका जोखिमबारे नियमित अनुगमन एवं छलफलका लागि वार्षिक उच्च स्तरीय संवाद स्थापना गर्न पनि आह्वान गर्नुभयो ।

मन्त्री साह र आन्द्र प्रदेशका मुख्यमन्त्री नायडुबीच शिष्टाचार भेट

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साह र भारतको आन्ध्र प्रदेशका मुख्यमन्त्री एन चन्द्रबाबु नायडुबीच बिहीबार (हिजो) भारतको विशाखापटनममा शिष्टाचार भेट भएको छ ।

विशाखापटनममा जारी सिआइआईको ३१औं साझेदारी सम्मेलन, २०२६ मा सहभागी हुनुभएका मन्त्री साहले सम्मेलनलाई सम्बोधन गरेपछि मुख्यमन्त्री नायडुसँग भेट गर्नुभएको हो । भेटका क्रममा मन्त्री साहले नेपाल र आन्ध्र प्रदेशबीच द्विपक्षीय व्यापार अभिवृद्धि, लगानी प्रवर्द्धन तथा धार्मिक एवं आरोग्य पर्यटन विकासमा सहकार्य तथा आर्थिक साझेदारी विस्तार गर्नुपर्ने बताउनुभयो ।

बिहीबार मन्त्री साहले नेपाल जलविद्युत्, पर्यटन, स्वच्छ ऊर्जा तथा प्रविधि विकासका क्षेत्रमा लगानीका लागि उपयुक्त गन्तव्य रहेको उल्लेख गर्नुभयो ।

सो अवसरमा मुख्यमन्त्री नायडुले मन्त्री साहले उठाउनुभएका विषयमा आन्ध्र प्रदेश सरकार सकारात्मक रहेको उल्लेख गर्दै क्षेत्रीय सहकार्यका लागि इच्छुक रहेको बताउनुभयो ।

युएईका लगानीकर्तालाई लगानी गर्न ढकालको आग्रह

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष तथा आइएमई समूहका अध्यक्ष चन्द्रप्रसाद ढकालले संयुक्त अरब इमिरेट्स (युएई) का लगानीकर्ता लाई नेपालका विभिन्न सम्भावना युक्त क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभएको छ ।

युएईको रास अल खैमाह मा आयोजित 'आरएके इन्भेस्टमेन्ट समिट २०२६' मा सहभागी हुन त्यहाँ पुग्नुभएका अध्यक्ष ढकालले बिहीबार दुबईमा युएईका विदेश व्यापार मन्त्री डा थानी बिन अहमद अल जेउदीसँग भेटवार्ता गर्दै यस्तो आग्रह गर्नुभएको हो । भेटका क्रममा उहाँहरूबीच नेपाल-युएई द्विपक्षीय सम्बन्ध, व्यापार विस्तार तथा नेपालमा रहेका लगानीका अवसरका विविध पक्षमा छलफल भएको थियो ।

भेटमा ढकालले नेपालमा जलविद्युत्, पर्यटन, कृषि, सूचना प्रविधि तथा डाटा सेन्टरका क्षेत्रमा उच्च सम्भावना रहेको उल्लेख गर्दै ती क्षेत्रमा लगानी भित्र्याउन आग्रह गर्नुभयो । नेपालमा उपलब्ध पर्याप्त स्वच्छ ऊर्जा (जलविद्युत) र यहाँको चिसो हावापानीका कारण सूचना प्रविधि तथा डाटा सेन्टर स्थापनाका लागि नेपाल अत्यन्त आकर्षक गन्तव्य बन्न सक्ने उहाँको भनाइ थियो । यसका साथै केबलकार र स्की रिसोर्टजस्ता उच्चस्तरीय पर्यटन पूर्वाधारमा समेत लगानीको ठुलो अवसर रहेको जानकारी उहाँले गराउनुभयो । नेपाल र युएईबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा हुन लागेको सन्दर्भमा दुवै पक्षले खुसी व्यक्त गरेका थिए । आगामी वर्ष सन् २०२७ मा मनाइने कूटनीतिक सम्बन्धको स्वर्ण जयन्तीका अवसरमा विशेष समारोह आयोजना गर्ने मन्त्री अल जेउदीको सोचको ढकालले स्वागत गर्नुभयो । स्वर्ण जयन्तीको अवसर पारेर दुई देशबीचको सम्बन्धलाई थप उचाइमा पुर्याउन सरकारी तथा निजी क्षेत्रबीच उच्चस्तरीय भ्रमण आदानप्रदानलाई निरन्तरता दिनुपर्ने विषयमा समेत ढकालले जोड दिनुभयो ।

लगानीकर्तालाई नीतिगत र नियमनकारी स्पष्टतासहित विश्वास दिलाउन द्विपक्षीय लगानी सम्झौता (बीआइए) तथा दोहोरो कर मुक्ति सम्झौता जस्ता कानुनी आधारलाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता ढकालले औंल्याउनुभयो । दुबईले युएईबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थलसम्म सिधा उडान सुरु गरेकोमा प्रशंसा गर्दै भैरहवास्थित गौतमबुद्ध अन्तराष्ट्रिय विमान स्थलमा पनि सिधा उडान सञ्चालनका लागि पहल गरिदिन अनुरोध गर्नुभयो । भैरहवामा सिधा उडान सुरु भएमा युएईलाई गौतमबुद्धको जन्मस्थल लुम्बिनीसँग प्रत्यक्ष जोड्ने महत्त्वपूर्ण प्रवेशद्वार बन्ने उहाँको धारणा थियो । आगामी स्वर्ण जयन्ती वर्ष सन् २०२७ ले नेपाल र युएईबीच साझा समृद्धि र बलियो आर्थिक साझेदारीको नयाँ अध्याय सुरु गर्ने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

पीडितपरिवारको अभिभावकत्व ग्रहण गर्न सरकारको ध्यानाकर्षण

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मकवानपुर दुर्घटनाका पीडितपरिवारलाई तत्काल राहत र आवश्यक मानवीय सहयोग उपलब्ध गराउन सरकारसँग अनुरोध गरेको छ ।

रास्वपाका प्रवक्ता जगदीश खरेलले बिहीबार विज्ञप्ति जारी गर्दै पीडितपरिवारको अभिभावकत्व ग्रहण गरी आवश्यक राहत, सहयोग र सहजीकरणमा सरकारको ध्यानाकर्षण गराएको छ । रास्वपाले दुर्घटनामा घाइते भएकाको निःशुल्क उपचारको व्यवस्था मिलाउन र मृतकको पहिचान तथा शव व्यवस्थापनमा आवश्यक सहजीकरण गर्न सरकारलाई सुझाव दिएको छ । आगामी दिनमा दुर्घटनाको जोखिम न्यूनीकरण गर्न सरकारले प्रभावकारी तथा दीर्घकालीन कदम चाल्नेमा रास्वपा विश्वस्त रहेको विज्ञप्तिमा उल्लेख छ । रास्वपाले मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ । काठमाडौंबाट सर्लाही जाँदै गरेको माइक्रोबस आज बिहान मकवानपुर को भीमफेदीमा दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको छ । दुर्घटनामा छ जना घाइते भएका छन् ।

युरोपको रोजगारी मोह त्यागेर मखनाखेतीमा रमाउँदै कृष्ण

झापा । रोजगारीका लागि युरोप जाने प्रवेशाज्ञा त्यागेर आफ्नै देशमा केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ कचनकवल गाउँपालिका-४ का ३६ वर्षीय कृष्ण भट्टराई अहिले मखनाखेतीमा रमाउनुभएको छ ।

सो खेतीका जानकार जाकिर हुसेनको परामर्शमा गत वर्ष पहिलोपल्ट उहाँले आफ्नै गाउँको १३ बिघा जमिनमा मखनाखेती सुरु गर्नुभएको थियो । उत्पादन भएको मखनाको दानालाई प्रशोधन गरेर नेपाली बजारमा बिक्री गर्न यसपालि मखना प्रशोधन उद्योग स्थापना गरिएको उहाँले बताउनुभयो । कराहीमा भुटेर बनाइने 'मखना फूल' खाजाका रूपमा र पूजामा प्रसादका रूपमा निकै लोकप्रिय छ । लामो समयसम्म पानी जम्ने खेतमा मखनाखेती हुने गरेको छ । भट्टराईले आफ्नो १० कट्ठा र गाउँलेको भाडामा लिइएको १३ बिघा गरी कूल १३ बिघा १० कट्ठा क्षेत्रफलमा मखनाखेती गर्नुभएको थियो ।

उहाँले सगीता कृषि फर्म र जनजागरुप युवा कृषि फर्म दर्ता गरेर मखनाखेती र प्रशोधन व्यवसाय सञ्चालन गरिरहनुभएको छ । उहाँले प्रतिबिघा १० देखि १२ क्विन्टलसम्म मखनाको दाना उत्पादन भएको जानकारी दिँदै धानखेतीको तुलनामा यसबाट धेरै गुणा राम्रो आम्दानी हुने अनुभव सुनाउनुभयो । भाडामा लिइएको जग्गामा उहाँले प्रतिबिघा २५ मन धानको मूल्य दिने सर्त दिँदै आउनुभएको छ । उहाँले एक सय क्विन्टलभन्दा बढी मखाना उत्पादन भएको जानकारी दिनुभयो । जसलाई प्रशोधन गर्दा लगभग तीन हजार केजीभन्दा बढी खानयोग्य मखानाको फूल उत्पादन हुने अनुमान छ । खेतमा सङ्लन गरिएको दानालाई प्रशोधन उद्योगमा आगोको रापमा फुराएर मकैको फूलजस्तो सेतो लाभा निकाल्ने काम धमाधम भइरहेको छ ।

प्रशोधित मखाना प्रतिकेजी रु एक हजार ८०० का दरले फर्मबाटै बिक्री हुने गरेको छ । प्रचलित बजार मूल्यअनुसार उहाँले यसपालि उत्पादन गरेको मखाना बाट रु ५० लाखभन्दा बढी आम्दानी हुने सम्भावना छ । उत्पादन भएको मखनाको दाना सस्तो दरमा भारतीय व्यापारीले किनेर लैजाने गरेका कारण आफूले स्वदेशी बजारमै बिक्री गर्ने बताउनुभयो । दानाबाट लाभा उत्पादन, प्याकेजिङ र बजारीकरणका लागि प्रशोधन उद्योग सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बाहिरबाट मुख्य कामदार मगाएर काम गरिरहेको छु । हार्भेस्टिङलगायतका काममा स्थानीयले रोजगारी पाइरहेका छन् ।" काठमाडौं, धनगढी, विराटनगर सहित मुलुकका विभिन्न सहरमा मखना खरिदकर्ता कचनकबल आउने गरेका छन् ।

सम्पादकीय ....

सडक दुर्घटना रोक्न सडकको अवस्था र चालकको व्यवहार सुधारौँ

नेपालमा सडक दुर्घटना दिनप्रतिदिन गम्भीर समस्याका रूपमा देखा पर्दै गएको छ । सडक दुर्घटनाका कारण ठूलो संख्यामा नागरिकले अकालमै ज्यान गुमाउनुपरेको छ भने धेरै मानिस घाइते तथा अपाङ्गताको अवस्थामा पुग्न बाध्य छन् । हालै मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित चिसापानीगढीमा भएको ईभी गाडी दुर्घटनाले फेरि एकपटक नेपालको सडक सुरक्षा अवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ । उक्त दुर्घटनामा १४ जनाको मृत्यु र ६ जना घाइते भएको घटनाले सिंगो देशलाई स्तब्ध बनाएको छ ।

यति ठूलो मानवीय क्षति हुनु सामान्य विषय होइन । दुर्घटनाको वास्तविक कारण अनुसन्धानबाट खुल्दै जाला तर यस्ता घटनाले हाम्रो सडकको अवस्था, चालकको जिम्मेवारी र ट्राफिक व्यवस्थापनको प्रभावकारिताबारे सोच्न बाध्य बनाएको छ । नेपालका अधिकांश पहाडी सडक साँघुरा, घुम्तीदार र जोखिमपूर्ण छन् । कतिपय सडकमा आवश्यक सुरक्षा बार, रेलिङ, सडक संकेत र पर्याप्त चौडाइसमेत छैन । वर्षायाममा पहिरो र हिउँदमा धुलो तथा चिप्लो सडकका कारण यात्रा झन् जोखिमपूर्ण बन्ने गरेको छ । सडक निर्माण गर्दा गुणस्तर र सुरक्षालाई प्राथमिकता नदिँदा पनि दुर्घटनाको जोखिम बढ्ने गरेको छ । त्यसैले सरकारले सडक निर्माणसँगै नियमित मर्मत सम्भार र जोखिमयुक्त क्षेत्रको पहिचानमा ध्यान दिनुपर्छ ।

त्यस्तै सडक दुर्घटनाको अर्को महत्त्वपूर्ण पक्ष चालकको लापरबाही हो । तीव्र गतिमा सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु राख्ने, मादक पदार्थ सेवन गरेर गाडी चलाउने, मोबाइल फोन प्रयोग गर्ने तथा लामो समयसम्म आराम नगरी सवारी चलाउने प्रवृत्तिले दुर्घटनाको जोखिम बढाउँछ । चालकले यात्रुको जीवन आफ्नो जिम्मेवारी हो भन्ने कुरा कहिल्यै बिर्सनु हुँदैन । सवारी चलाउँदा सामान्य असावधानीले पनि ठूलो मानवीय क्षति निम्त्याउन सक्छ ।

यसमा ट्राफिक प्रहरीको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । सडकमा ट्राफिक नियम पालना गराउने, सवारीसाधनको अवस्था जाँच गर्ने, क्षमताभन्दा बढी यात्रु राख्न रोक्ने र जोखिमयुक्त सडक क्षेत्रमा निगरानी बढाउने काम प्रभावकारी रूपमा हुनुपर्छ । नियम उल्लङ्घन गर्ने चालक तथा यातायात व्यवसायीलाई कानुनअनुसार कारबाही गर्नुपर्छ । दुर्घटना भएपछि उद्धारमा सक्रिय हुनुका साथै दुर्घटना हुन नदिन नियमित अनुगमन र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

सरकारले पनि सडक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्छ । जोखिमयुक्त सडकको सुधार, आवश्यक सुरक्षा संरचना निर्माण, सार्वजनिक यातायातको नियमित प्राविधिक परीक्षण र चालकको स्वास्थ्य तथा दक्षताको परीक्षणलाई अनिवार्य बनाउनुपर्छ । दुर्घटना भएपछि छानबिन गर्ने मात्र होइन, दुर्घटना हुनुअघि नै रोकथामका उपाय अपनाउनुपर्छ ।

सडक दुर्घटना न्यूनीकरण गर्नु सरकारको मात्र जिम्मेवारी होइन । चालक, यातायात व्यवसायी, ट्राफिक प्रहरी र आम नागरिक सबै जिम्मेवार बन्नुपर्छ । यस्ता दुःखद घटना दोहोरिन नदिन सबै पक्षले आ-आफ्नो जिम्मेवारी पूरा गर्न जरुरी छ । सुरक्षित सडक र जिम्मेवार यातायात प्रणाली निर्माण गर्नु आजको आवश्यकता हो ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

पटका मनोरञ्जन कि अभिशाप ?

डा गोविन्द टण्डन

वर्षभरि प्रतीक्षा गरेर कुरेको तिहार आयो, उज्यालो ल्यायो । घरघरमा झिलिमिली बत्ती बले, ढोकाढोकामा सयपत्री र मखमलीका माला सजिए । गाउँ-सहरभरि फूलको बासना फैलिएको छ । बाल-बालिकादेखि वृद्धसम्म सबैको अनुहारमा खुसी छ । नेपालीको दोस्रो ठूलो पर्व तिहार केवल एउटा चाड मात्र होइन, यो हाम्रो संस्कृति, सभ्यता र मानवताको जीवन्त प्रतिविम्ब हो । यस वर्षको तिहार हामीबाट बिदा भएर गइसक्यो तर यसले छोडेका केही तीता अनुभव र गम्भीर प्रश्न भने अझै हाम्रासामु छन् ।

तिहारलाई हामी किन अरू चाडभन्दा फरक र विशिष्ट मान्छौं ? किनकी यो पर्वले मानिसलाई मात्र होइन, मानिससँगै बाँच्ने अन्य सबै पशु प्राणीलाई पनि समान रूपमा सम्मान गर्छ । काग तिहारमा हामी कागलाई बोलाएर भात खुवाउँछौं, किनकि कागलाई यमराजको दूत मानिन्छ । उसले लगाएको कुन तिर्ने प्रयत्न गर्छौं । कुकुर तिहारमा कुकुरलाई माला, टीका लगाएर मीठो खुवाएर पूजा गर्छौं किनकि कुकुर हाम्रो वफादार साथी र यमराजको अर्को दूत हो । गाई तिहार र गोरु तिहारमा गाई, गोरुलाई लक्ष्मीको प्रतीक मानेर पूजा गर्छौं । लक्ष्मीपूजामा ऐश्वर्य, सम्पन्नता र धनकी देवीको आह्वान गर्छौं । भाइटीकामा दिदीबहिनीले दाजु-भाइको दीर्घायुको कामना गरेर एकअर्कालाई सम्मान गर्छन् । यसको मूल सन्देश हो–सबै जीवप्रति प्रेम, करुणा र सहअस्तित्व । प्रकृतिका सबै प्राणीलाई सम्मान गर्नुपर्छ भन्ने यो सन्देशकै कारण तिहारलाई विश्वकै सबैभन्दा मानवीय पर्वहरू मध्ये एक भनिन्छ ।

तर यही उज्यालोको पर्व, यही सम्मानको पर्व विगत केही दशकदेखि पटका वा आतसबाजीको ठूलो आवाज, धुवाँ र जोखिमले गर्दा अभिशापमा परिणत हुँदै गएको छ । हामी कागलाई पूजा गर्ने दिनमै कागलाई भगाउँछौं । कुकुरलाई माला लगाउने दिनमै कुकुरलाई डरले थरथर काम्ने बनाउँछौं । गाईलाई लक्ष्मी भनेर पूजा गर्ने हामी त्यही गाईलाई पटकाको आवाजले आतङ्कित तुल्याइरहेका त छैनौं ? तिहारमा पटका पड्काउनु हाम्रो मौलिक परम्परा होइन । हाम्रा बाजेबज्यैको पालामा तिहारमा दियो बाल्ने, देउसी-भैलो खेल्ने, सेलरोटी खाने, म्हःपूजा गर्ने, भाइटीका लगाउने र फूलमाला सजाउने चलन थियो । पटका त आयातित र व्यापारिक स्वार्थ बोकेको संस्कृति हो । हामीले त्यसलाई आफ्नो मौलिक पर्वको अङ्ग ठान्न थालेका छौं, यो ठूलो भ्रम र विचलन हो ।

पटकाको कारण ठूलो अर्थराशि एकातिर विदेशिएको छ भने अर्कोतिर धनजनको ठूलो नोक्सान भइरहेको छ । ठाउँठाउँमा आगलागी, बस्ती विनाश, मृत्युवरणजस्ता घटना हरेक वर्ष दोहोरिरहेका छन् । छिमेकीले पटका पटकाउने क्रममा आकाशतिर उडाएको पटका कहाँनेर कसको के नोक्सान गर्ने हो भनेर डराउनुपर्ने अवस्था रहिरहन्छ । पटकाकै कारण कुकुरहरू हराएको, डरले लुकेको र खाना नखाएको समाचार आए । काठमाडौंको वायु गुणस्तर सूचकाङ्क (एक्युआइ) दिउँसोमै १४३ पुगेर अस्वस्थकर भएको समाचार आयो । पर्सामा एक जना बालकको पेटमा पटकाको टुक्रा छिरेर घाइते भई ज्यान गुमाएको समाचारले हामीलाई झस्कायो । प्रहरीले विस्फोटक पदार्थसम्बन्धी कानुनअन्तर्गत पटकाको अवैध ओसारपसार र प्रयोगमा कडाइ गर्दै सजायको व्यवस्था भएको स्मरण गरायो, तर कार्यान्वयन कमजोर रह्यो । पटकाको आवाज र झिरझिरले कोही कसैलाई रमाइलो लाग्ला, तर पशुपक्षी, वातावरण र कमजोर मानिसलाई के हुन्छ भन्ने विषयमा हामीले कहिल्यै गम्भीर रूपमा सोचेका छौं ?

काग र चराचुरुङ्गीको कुरा गरौं । काग तिहारको दिन बिहानै कागलाई बोलाउने चलन छ । काग आयो भने शुभ मानिन्छ । तर तिहार सुरु हुनुभन्दा एक हप्ताअघिदेखि नै पटका पड्कन थाल्छ । काग मात्र होइन, परेवा, मलेवा, भँगेरा, ढुकुर, सुगा, कोइली र अन्य सबै चराचुरुङ्गी पटकाको आवाज सुन्नासाथ डराएर नजिकको जङ्गलतिर भौंतारिन थाल्छन् । उनीहरूले आफ्नो गुँड छोड्छन् । गुँडमा भएका बच्चा भोकभोकै मर्छन् । कतिपय चरा डरले रूखबाट खसेर मर्छन् । कतिपयले दिशा बिर्सेर टाढा पुग्छन् र फेरि आफ्नो बासमा फर्कन सक्दैनन् । वैज्ञानिक अध्ययन भन्छन्, चराको कान अत्यन्तै संवेदनशील हुन्छ । उच्च डेसिबलको आवाजले उनीहरूको श्रवणशक्तिमा असर पर्छ । एउटा सामान्य पटकाको आवाज १२० देखि १६० डेसिबल वा त्यसभन्दा बढी हुन्छ । अर्थात् हामीले रमाइलोका लागि पड्काएको एउटा पटकाले चराको कानलाई गम्भीर क्षति पुर्याउन सक्छ । के हामीले कहिल्यै यो सोचेका छौं ?

दोस्रो, कुकुरको कुरा गरौं । कुकुर तिहार हाम्रो सबैभन्दा भावुक पर्व हो । कुकुरलाई हामी बफादार साथी मान्छौं । तर तिहारको राति त्यही कुकुरको हालत के हुन्छ ? कुकुरको श्रवणशक्ति मानिसको भन्दा धेरै बढी हुन्छ । उनीहरूले ४०-६० हजार हर्जसम्मको आवाज सुन्न सक्छन्, जबकी मानिसले करिब २० हजार हर्जसम्म मात्र । हामीलाई ठूलो लाग्ने आवाज कुकुरलाई बम पड्के जस्तै लाग्छ । कुकुरमा दुखाइको सीमा करिब ९५ डेसिबल आसपास मानिन्छ, जबकी पटका १४०-१९० डेसिबलसम्म पुग्छ । त्यसैले तिहारमा कुकुरहरू डराएर घरको कुनामा, खाटमुनि, नालीमा, बाथरुममा लुकेर बस्छन् । खाना खान सक्दैनन् । पानी पिउन सक्दैनन् । बाहिर निस्कन सक्दैनन् । काठमाडौं, पोखरा, चितवन, विराटनगर, जनकपुर, नेपालगञ्ज जस्ता ठूला सहरमा हरेक तिहारमा सयौं कुकुर हराउँछन् । डरले भागेका कुकुरलाई गाडीले हान्छ । कतिपय कुकुर डरले मुटुको धड्कन बढेर वा तनावले मर्छन् । पशु चिकित्सक भन्छन्, तिहारको समयमा कुकुरमा एन्जाइटी, डर, भोक नलाग्ने, झाडा लाग्ने जस्ता समस्या अत्यधिक बढ्छ । हामीले माला लगाएर पूजा गरेको कुकुर राति थरथर कामिरहेको हुन्छ भने त्यो पूजाको के अर्थ ? विचार गरौं ! अब गाई, गोरु र अन्य घरपालुवा पशुको कुरा गरौं । गाई तिहारमा हामी गाईलाई लक्ष्मी मानेर पूजा गर्छौं । तर पटकाको आवाजले बाच्छाबाच्छी डराएर थरथर काप्छन् । दुहुनो गाई हो भने दूध दिन छोड्छन्, गर्भवती गाईको गर्भ तुहिने खतरा हुन्छ । गोरु डराएर डोरी चुँडाएर भाग्छ । बाखा, भैंसी, कुखुरा सबै आतङ्कित हुन्छन् । किसान भन्छन्, तिहारको समयमा पशुले घाँस खान छोड्छ, दूध दिन छोड्छ । एकोहोरो टोलाइरहन्छ । यस अवधिमा वन्यजन्तुको कुरा गरौं । नेपालको तराई र पहाडका धेरै बस्ती जङ्गलको नजिक छन् । तिहारमा पड्काइने पटकाको आवाज जङ्गलभित्रसम्म पुग्छ । त्यसको कर्कश र डरलाग्दो आवाजले बाँदर, मृग, चितुवा, हात्तीजस्ता वन्यजन्तु आतङ्कित हुन्छन् र सुरक्षाको लागि बस्तीतिर पस्छन् । यसले मानव-वन्यजन्तु द्वन्द्व बढाउँछ । कतिपय ठाउँमा त पटकाकै कारण जङ्गलमा आगलागी भएको समाचार पनि आएका छन् । पटकाले पशुपक्षीलाई मात्र होइन, मानिसलाई पनि छोडेको छैन । हरेक वर्ष तिहारमा पटकाले गर्दा आगलागी हुन्छ । बालबालिकाको हात जलेको, आँखा फुटेको, कानको जाली फुटेको समाचार आउँछन् । कतिपयले ज्यानै गुमाएका छन् । हरेक वर्ष पटकाकै कारण सहर-बजार र बस्तीमा आगलागीको घटना हुन्छ । यसकै कारण दर्जनौं बालबालिका जलनमा पर्छन् र अस्पताल पुग्छन् । के यस्तो रमाइलो रमाइलो हो ? जसले कसैको घर उजाड्छ, कसैको भविष्य अन्धकार बनाउँछ । तिहारको बेला नजिकको अस्पतालको आकस्मिक वार्डमा पुग्नुस् त पटकाको करामत बुझ्न सघाउ पुग्छ । बालबालिका, वृद्धवृद्धा, महिला र श्वासप्रश्वासका बिरामी सबैभन्दा बढी प्रभावित हुन्छन् ।

यसको समाधान के छ ? यो हाम्रो संस्कृतिको अङ्ग नभएको, यसबाट हानिनोक्सानी नै ज्यादा हुने भएकोले पहिले त हामी आफैंले पटका नकिन्ने, नपड्काउने प्रण गर्नुपर्छ । आफ्ना छोराछोरीलाई पटका किनिदिनुको सट्टा दियो, फूलमाला, फलफूल किनिदिऔं । उनीहरूलाई पटकाले पशुपक्षी र प्रकृतिलाई पीडा हुन्छ भनेर बुझाऔं ।

अन्तमा सरकारी तहबाट यसको उत्पादन, बिक्री र प्रयोगमा कडाइ गर्नुपर्छ । नेपालमा विस्फोटक पदार्थसम्बन्धी कानुनले अवैध पटकाको ओसारपसार, भण्डारण र प्रयोगमा तीन वर्षसम्म कैद र जरिवानाको व्यवस्था गरेको छ । भारतका दिल्ली-एनसीआरलगायत ठाउँमा पटकामा कडाइ र सीमित अनुमति मात्र दिइएको छ । कुनै एउटा सहर वा नगरपालिका वा महानगरपालिकामा मात्र होइन देशभरि पटका निषेध गरी उल्लङ्घन गर्नेलाई जरिवाना गर्ने व्यवस्था गर्नुपर्छ । यसका लागि प्रहरीको सतर्कता र नागरिकको सहयोग दुवै आवश्यक पर्दछ । तिहार भनेको उज्यालोको पर्व हो । अन्धकारलाई हटाएर उज्यालो फैलाउने पर्व हो तर पटकाको धुवाँ र आवाजले तिहारलाई अन्धकारमय बनाइरहेको छ । हामीले तिहारको मौलिकतालाई फर्काउनुपर्छ । कागलाई माया गर्ने, कुकुरलाई सम्मान गर्ने, गाईलाई लक्ष्मी मान्ने हाम्रो संस्कृतिलाई जोगाउनुपर्छ ।

अन्त्यमा, एउटा कुरा स्मरण गरौं । हामीले पूजा गर्ने पशुपक्षी बोल्न सक्दैनन् । उनीहरूले आफ्नो पीडा व्यक्त गर्न सक्दैनन् । अब अर्को वर्षदेखि पटकामुक्त तिहार मनाउन पाइयोस् । यसका लागि के के नियम कानुन चाहिन्छ अहिलेदेखि नै तयार पार्दै विकृति, विसङ्गति एवं अभिशापमुक्त तिहारको कल्पना गरौं । यसो गर्यौं भने नै साँचो तिहार हुनेछ, यसैबाट हाम्रो संस्कृतिको रक्षा हुनेछ । हिजोको पटकारहित तिहारको विरासतलाई जोगाउँदै यसलाई उज्यालो, आत्मबोध र करुणाको पर्व बनाऔं । (लेखक संस्कृति तथा सम्पदाविद् हुनुहुन्छ)

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।**

जलवायु परिवर्तनको असरबारे सचेत बनौं ।
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

यातायात व्यवसायी महासंघद्वारा दुःख व्यक्त

काठमाडौँ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले मकवानपुरको भीमफेदीमा विद्युतीय माइक्रोबस दुर्घटनाप्रति दुःख व्यक्त गरेको छ । महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज)ले बिहीबार शोक वक्तव्य जारी गर्दै दुर्घटनामा परी ज्यान गुमाउने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार जनमा हार्दिक समवेदना व्यक्त तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ । उहाँले दुर्घटनामा घाइते भएकाको प्रभावकारी उपचार, आवश्यक स्वास्थ्य सेवा तथा उचित राहतको तत्काल व्यवस्था गर्न नेपाल सरकार र सम्बन्धित निकायसँग आग्रह गर्नुभएको छ । अध्यक्ष सिटौलाले उक्त दुर्घटनाले विद्युतीय सवारी साधनको सुरक्षा, प्राविधिक अवस्था र सञ्चालनसम्बन्धी मापदण्डबारे गम्भीर प्रश्न उठाएको भन्दै विद्युतीय सवारीसाधनको उत्पादन, आयात, जडान, ब्याट्री तथा अन्य प्राविधिक पक्षको नियमित परीक्षण र सञ्चालनका लागि स्पष्ट एवं कडा सुरक्षा मापदण्ड निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सरकारसँग आग्रह गर्नुभएको छ ।

सवारी दुर्घटना न्यूनीकरण केवल नियतिको विषय नभई राज्यको जिम्मेवारी, प्राविधिक सुरक्षाको सुनिश्चितता र सरोकार वाला सबैको साझा उत्तरदायित्व भएको उहाँको भनाइ छ । अध्यक्ष सिटौलाले मानवीय जीवनको सुरक्षालाई सर्वोपरि राख्दै आगामी दिनमा यस्ता दुर्घटनाको पुनरावृत्ति रोक्न सरकार गम्भीर, जिम्मेवार र संवेदनशील हुनुपर्ने बताउनुभयो ।

काठमाडौँबाट सर्लाहीतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०८८० नम्बरको इभी आज बिहान सडकबाट खस्दा दुर्घटना भएको थियो । प्रहरीका अनुसार, दुर्घटनामा १४ जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् ।

एनपिएलः साविक विजेता लुम्बिनी लायन्स प्लेअफमा प्रवेश

काठमाडौँ । साविक विजेता लुम्बिनी लायन्स तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेटको प्लेअफमा पुगेको छ । बिहीबार भएको खेलमा कर्णाली याक्सलाई ४ विकेटले हराउँदै लुम्बिनी प्लेअफमा पुगेको हो ।

आफ्नो छैटौँ खेलमा कर्णालीले दिएको १०६ रनको लक्ष्य लुम्बिनीले १६ दशमलव ४ ओभरमा छ विकेट गुमाएर पूरा गर्यो । लुम्बिनीका लागि डार्सी सर्टले ४६, दिलिप नाथले अविजित २८ र निरोशन डिकवेलाले १६ रन बनाए । बलिङतर्फ कर्णालीका लागि मार्क वाटले ४ तथा हुसेन तलत र पवन सर्राफले एक एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको कर्णालीले १९ दशमलव २ ओभरमा सबै विकेट गुमाएर १०५ रन बनायो । कर्णालीका लागि सोमपाल कामीले २८, हुसेन तलातले २४, गुलशनकुमार झाले १३ र पवन सर्राफले १२ रन बनाए । बाँकी ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

खेलमा बलिङतर्फ लुम्बिनी लायन्सका लागि कप्तान समेत रहेका रोहितकुमार पौडेल, डार्सी सर्ट, किशोर महतो र अभिषेश गौतमले दुई दुई तथा शेर मल्लले एक विकेट लिए ।

लुम्बिनीसँगको हारपछि कर्णालीको प्लेअफ यात्रा कठिन बनेको छ । कर्णालीले छ खेल खेल्दा चारमा हार र दुईमा मात्र जित निकालेको छ । उसको चार अङ्क मात्र छ । यस्तै लुम्बिनी छ खेलमा चारमा जित र एकमा हारसहित ९ अङ्कसहित शीर्ष स्थानमा उक्लिएको छ । लुम्बिनीले एक खेलमा वर्षाका कारण अङ्क बाँडेको थियो ।

एसियन बडीबिल्डिङमा नेपालको सहभागिता

काठमाडौँ । एसियन बडीबिल्डिङ च्याम्पियनसिपमा नेपाली खेलाडी सहभागी हुने भएका छन् ।

थाइल्यान्डको पटायामा आयोजना हुने आइएफबिबी (अन्तराष्ट्रिय शारीरिक सुगठन तथा फिट्नेस महासङ्घ)ले बिहीबार त्यसतर्फ जानलागेका खेलाडीलाई विदाई गरेको छ ।

यही कात्तिक २७ देखि ३० गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा सहभागी हुने नेपाली टोलीलाई नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठले सफलताको शुभकामना दिदै विदाइ गर्नुभएको हो ।

उहाँले अन्तरराष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्दा आफ्नो उत्कृष्ट खेल प्रदर्शन गर्न खेलाडीलाई प्रोत्साहित पनि गर्नुभयो । नेपालको तर्फबाट दुई खेलाडीले भाग लिदैछन् ।

अनिश थापा र असिमबाबु गुरुङले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । टोलीको प्रशिक्षकमा रामबहादुर दाहाल हुनुहुन्छ । नेपाल बडी बिल्डिङ एण्ड फिटनेस महासङ्घका महासचिव तथा अन्त राष्ट्रिय निर्णायक अजयकुमार बज्राचार्य पनि सो प्रतियोगितामा सहभागी हुनुहुनेछ ।

बिदाइ कार्यक्रममा नेपाल बडी बिल्डिङ एण्ड फिटनेस महासङ्घका पूर्वअध्यक्ष शिवलाल श्रेष्ठ, बोर्ड सदस्य नरेश मल्ल, आइएफबिबी अन्तराष्ट्रिय निर्णायक केशव नागा, अन्तरराष्ट्रिय खेलाडी अवतार श्रेष्ठ, राष्ट्रिय खेलाडी सुरेन्द्र लामा र रमेश खुम्बु तथा राष्ट्रिय निर्णायक दिपेश पाठक र शम्भु अधिकारीलगायतको उपस्थिति थियो । बडीबिल्डिङ च्याम्पियनसिपमा नेपाली खेलाडी सहभागी हुने भएका छन् ।

मधेस प्रदेशका बालबालिकामा बहुआयामिक वञ्चितीकरणको समस्या

धनुषा । मधेस प्रदेशका बालबालिका मा बहुआयामिक वञ्चितीकरणको समस्या देखिएको छ ।

बहुआयामिक वञ्चितीकरण भन्नाले बालबालिका को सर्वाङ्गीण विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपनी सरसफाइ, आवास र सूचनाको पहुँचजस्ता अधिकारबाट एकै साथ वञ्चित हुने अवस्थालाई बुझाउँछ । राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन अनुसार प्रदेशका २१ दशमलव तीन प्रतिशत बाल-बालिका विभिन्न प्रकारका अभाव र वञ्चितीकरणबाट प्रभावित छन् ।

बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा तथा समग्र विकासको अवस्थालाई विश्लेषण गर्दा मधेस प्रदेशको स्थिति चिन्ताजनक देखिएको हो । विशेषगरी पाँच वर्षमुनिका बालबालिकामा कुपोषण को समस्या र साना बालबालिकाले पर्याप्त तथा विविधतायुक्त आहार नपाउने अवस्थाले शारीरिक तथा मानसिक विकासमा चुनौती थपेको छ । मधेस प्रदेशमा पाँच वर्षमुनिका २६ दशमलव दुइ प्रतिशत बाल बालिकामा पुड्कोपन लगायतको समस्या देखिएको छ । त्यस्तै, छ देखि २३ महिनासम्मका ६० दशमलव सात प्रतिशत शिशु तथा बालबालिकाले उमेरअनुसार आवश्यक पर्ने पर्याप्त र विविधता युक्त आहार पाउन सकेका छैनन् ।

बालबालिकाको उमेर अनुसार आवश्यक पोषणयुक्त खाना उपलब्ध नहुँदा उनीहरूको वृद्धि विकास प्रभावित हुने जोखिम रहन्छ । बाल्यावस्थामा हुने पोषणको कमीले तत्कालीन स्वास्थ्यमा मात्र नभई भविष्यमा सिकाइ क्षमता, शारीरिक वृद्धि र सामाजिक अवसर प्राप्त गर्ने क्षमतासमेत प्रभावित गर्न सक्छ । मधेस प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था कमजोर रहनु चिन्ताको विषय भएको बताउनुभयो । उहाँले बालबालिका को समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवा सम्बन्धी कार्यक्रम लाई प्राथमिकता का साथ अघि बढाउनु पर्नेमा जोड दिनुभयो । बालबालिकाको वास्तविक आव-श्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नसके मात्र अपेक्षित सुधार ल्याउन सकिने उहाँको भनाइ छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले बहुआयामिक वञ्चितीकरण न्यूनीकरणका लागि शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतामा समेत ध्यान दिनुपर्ने बताउनुभयो । उहाँका अनुसार बालबालिकाको जीवनस्तर सुधार गर्न आधारभूत सेवाको उपलब्धता र पहुँच सुनिश्चित गर्नु आवश्यक छ । आर्थिक रूपमा विपन्न परिवारका बालबालिका तथा कम शैक्षिकस्तर भएका आमाका सन्तान बहु-आयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखिएको छ । परिवारको आर्थिक अवस्था, आमाको शैक्षिक स्तर र आधारभूत सेवाको उपलब्धताले बाल-बालिकाको स्वास्थ्य, पोषण तथा शैक्षिक अवसरमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ । गरिबी, पोषणयुक्त खानाको अभाव, स्वास्थ्य सेवामा सीमित पहुँच र शिक्षाको कमजोर अवस्थाले बालबालिकाको चौतर्फि बिकास मा समस्या सिर्जना गर्ने गरेका छन् ।

बालबालिकाको अवस्था सुधारका लागि तथ्याँङ्कमा आधारित योजना निर्माण, पोषण तथा स्वास्थ्य सेवाको विस्तार, गुणस्तरीय शिक्षामा पहुँच र सुरक्षित खानेपानीको व्यवस्था महत्त्वपूर्ण पक्ष हुन् । बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र संरक्षणलाई प्राथमिकतामा राखेर लगानी गर्नुपर्ने आवश्यकता तथ्याङ्कले औँल्याएको छ । उनीहरुको वञ्चितीकरण घटाउन समयमै प्रभावकारी कदम चाल्न नसके यसको असर आगामी पुस्ताको स्वास्थ्य, शिक्षा र समग्र मानव विकासमा समेत पर्ने देखिन्छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (एनओसी) र युनिसेफ नेपालले सन् २०२६ सेप्टेम्बरमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालको २१ दशमलव चार प्रतिशत बाल बालिका बहुआयामिक वञ्चितीकरण मा रहेको देखाएको छ ।

मरिक समुदायका अगुवा भन्छन् : पुख्यौंली सीपले गुजारा चल्दैन

महोत्तरी, २६ कात्तिक: बाँसका चोया र कप्टेरा बनाउन व्यस्त महोत्तरीको औरही-१ दलित बस्तीका ३२ वर्षीय छोटे मरिक डोम भन्नुहुन्छ, “बाबु बाजेले सिकाएका सीप यही हो, तर यसले अब जीवन धान्ने दिन गए, जहान परिवारको पालनपोषण अब कसरी गर्ने भन्ने चिन्ताले पिरोल्दै छ ।”

केही दशकअघिसम्म यही सीपले वर्षभरिको गुजारा चलाएका छोटे अब आफूले बनाएका बाँसका चोया र कप्टेराले बुनिएका छिटी, डाली, पङ्खा, नाङ्लो, चाल्नोसहितका सामग्री दैनिक जीवनमा उपयोग हुन छाडेका उहाँको भनाइ छ ।

“अब हामीले बुन्ने सामान चाडपर्वको प्रयोगमा सीमित भए, यसले वर्षभरिको गुजारा चल्दैन”, छोटु भन्नुहुन्छ, “अब आफ्नो पुस्तासम्म रहेको यो सीप छोराछोरी पुस्तामा सर्लाजस्तो छैन ।” यी सामग्री अब दीपावली, छठजस्ता पर्व र मरनपछि गरिने क्रियाकलापमा मात्र प्रयोग हुनुले गुजाराका लागि अन्य काममा लाग्नुपर्ने अवस्था बनेको छोटे बताउनुहुन्छ ।

पछिल्लो समय नेपाली समाज पनि आधुनिकतातर्फउन्मुख भएपछि कतिपय परम्परा र प्रचलन लोप हुँदै गएका कारण त्यस्ता समुदायलाई जीवन धान्न पुख्यौंली पेशा नै बदल्नुपर्ने अवस्था आएको हो ।

वर्षभरिको जीवन गुजारा नचले पनि दीपावली र छठ पर्वमा आफ्नो सीपका सामग्रीले बजार पाउनेहुँदा यसताका आफ्नो परिवार उक्त काममा जुट्ने गरेको उहाँको भनाइ छ ।

“दीपावली र छठकै कमाइले आफ्नो घरको चाडबाड मनाउन र केही महिनाको नगद खर्चको जोहो हुन्छ”, पतिको भनाइमा सही थाप्दै चोया र कप्टेरा काल्नमै व्यस्त छोटकी पत्नी जीना मरिक भन्नुहुन्छ, “यसले चाडपर्वको रमाइलो र केही आर्जनको अवसर मिल्ने गरेको छ ।”

छोटेजस्तै सो बस्तीकै इन्दल मरिकको पनि आफ्नो सीप दीपावलीदेखि छठसम्म खुम्चिएको भनाइ छ । आमसर्वसाधारणले अब बाँसका चोया र कप्टेराले बुनिनेभन्दा प्लाष्टिकका यस्ता सामान प्रयोग गर्न थालेपछि आफूहरुको पुख्यौंली पेसा अब अघि बढ्ने अवस्था नरहेको इन्दल बताउनुहुन्छ । “हाम्रो पुस्तासम्म त बेलाबेला यो काम गर्दैछौं”, ४० वर्षीय इन्दल भन्नुहुन्छ, “हामीपछिको पुस्तालेत वास्ता गर्न छाडे । हाम्रा छोराहरु अब रोजगारीका लागि भारत गइरहेका छन् ।”

आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक पहुँचबाट निकै टाढा रहेको डोम जाति समुदायको जीवन गुजाराको पुख्यौंली पेसा बाँसका यिनै सामग्री बुन्नु र सुँगुरपालन हो । महोत्तरीका सबैजसो बस्तीमा धेरथोर बसोबास रहेका डोम बस्तीमा सुँगुरपालन पनि असहज बन्दै गएको ती समुदायका अगुवाको भनाइ छ ।

“पहिले बस्ती पातलो थियो, एक छेउमा हाम्रो बसोबास हुन्थ्यो, अब बस्ती सबै जातिको छ्यासमिस भयो” सम्सी-६ का सुरेश मरिक भन्नुहुन्छ, “अन्य धेरैजसो जाति समुदाय सुँगुरसँग परहेज राख्छन् , त्यसैले सुँगुर पालन असजिलो बनेको छ ।” आफ्नो भन्ने केही हात लम्बाइ/चौडाइको जग्गामा सुँगुरका खोर नअट्ने र अब खुलापालन गर्न सामाजिक असजिलो बढेपछि यो पेसा छुटेको सुरेश बताउनुहुन्छ ।

बाँसका चोया र कप्टेरा खेलाउने काम धेरै चल्न छाडेको र सुँगुरपालन सामाजिक रुपमा असहज बन्दै गएपछि डोम जातिका नयाँ पुस्ता किशोरावस्थामै कामका लागि भारत जाने क्रम बढ्दो छ । “अब यहाँ बसेर आफ्नो र जहानपरिवारको पेट पाल्न सकिन्न, त्यसैले पछिल्लो पुस्ता १५/१६ वर्षका भएपछि काम खोज्न भारत जान्छन्”, सोनमा बस्तीका परमेश्वर मरिक भन्नुहुन्छ, “यहाँ न हाम्रो पुख्यौंली सीपको पेसाले जीवन धान्छ, पेट पाल्न निकै सकस भइरहेको छ, यस्तो अवस्थामा हामीलाई सरकारले हेर्नुपर्छ !”

देशमा तीन/तीन वटा सरकार भएका सुनेको भए पनि आफ्नो बस्तीमा चुनावका बेलामा भोट माग्न आएबाहेक कुनै सरकार नचिनिएको परमेश्वरको गुनासो छ । त्यस्तो गुनासो उक्त जातिका अगुवाले अचेल बाक्लै गर्ने गरेका छन् । औरही-१ दलित बस्तीकी ४५ वर्षीया ललिता मरिक भन्नुहुन्छ, “मधेसमा हामीजस्ता निम्सरा दलित र गरिब अरु होलान्जस्तो त लाग्दैन, त्यस कारण पनि सरकारले हामीलाई हेर्ने पर्छ ।” गौशाला-१२ की अञ्जली मरिकको पनि ललिताको जस्तै गुनासो छ । अहिले मरिक समुदायका अगुवामा छोराछोरी पढाउन पर्ने चेत त खुल्दै गएको छ । तर नानीहरु स्कुल पठाउन पनि आर्थिक समस्याले नै पिरोलेको मरिक बताउँछन् ।

“हाम्रा नयाँपुस्ताका छोराछोरीलाई स्कुलमा पढ्ने र कमाइ खाने नयाँ सीप गाउँको सरकारले व्यवस्था गरीदिएहुन्थ्यो भन्ने सोनमाका अनारस मरिकको माग छ ।

दशगजामा दिनभर हात्तीको बथान, गाउँमा त्रास

झापा । मेचीनगर नगरपालिका-७ स्थित दशगजा क्षेत्रमा आज दिनभर १४ वटा जङ्गली हात्तीले आश्रय लिएपछि नेपालतर्फको गाउँमा त्रास फैलिएको छ । हात्तीले आश्रय लिएको दशगजा क्षेत्रको पूर्वतर्फको भारतीय भूभागमा सिसौ र टिकको विरुवा हुर्किएको झाडी छ । नेपालतर्फ सतिघट्टा, मेचीबस्ती, गैरीगाउँलगायतको बाक्लो मानव बस्ती छ ।

बिहीबार बिहानैदेखि दशगजा नजिकको झाडीमा साना बच्चासहितको हात्तीको बथान देखिएको प्रत्यक्षदर्शी जीआर धितालले बताउनुभयो । उहाँले भन्नुभयो, “ती हात्ती दिनभर त्यहीँ बसेका छन् । यता गाउँ कुनै पनि बेला पस्लान् भन्ने डर भइसक्यो ।”

नेपालतर्फको बस्तीमा हात्ती प्रवेश नगरुन् भनेर सशस्त्र प्रहरी बल २ नं गणअन्तर्गतको विभिन्न बीओपी र डिभिजन वन कार्यालय झापाबाट खटिएका सुरक्षाकर्मीले सीमामा सुरक्षा तैनाथी बढाएको डिभिजन वन कार्यालय झापाका निमित्त प्रमुख रामभगत यादवले बताउनुभयो । भारततिरबाट आएका हात्तीलाई सीमामा रोकिए पनि राति उक्त बथान गाउँ पस्ला भनेर स्थानीयवासीमा त्रास फैलिएको छ । हात्तीले आश्रय लिएको झाडी पूर्वको भारतीय बस्तीमा रहेका १८ परिवारका सदस्यले बिहानैदेखि घर छाडेका छन् । ज्यान जोगाउन घर छाडेका भारतीय बस्तीका बासिन्दा मध्ये कोही नेपालतिरका घरमा आश्रय लिएर बसिरहेका छन् भने कोही नेपालको घुमाउरो बाटो भएर भारततिरै गएका छन् ।

जिल्ला प्रशासन कार्यालय झापाले मेचीनगर-४ को प्रसाद गौडाबाट नेपालतर्फ प्रवेश गर्न लागेको हात्तीको बथानलाई रोक्न बुधबारदेखि नै सीमा क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरिएको जनाएको थियो । मेचीनगर-४ को बाहुनडाँगी सीमा क्षेत्रबाट नेपाल प्रवेश गर्न नपाएको हात्तीको बथान त्यहाँबाट बाटो बदलेर लगभग पाँच किलोमिटर दक्षिण मेची पुलमुनिबाट मेचीनगर-७ मा स्थानान्तरण भएको छ ।

विश्व दूरसञ्चार मञ्चमा नेपालको जलवायु विपद् र डिजिटल विभाजनको मुद्दा

काठमाडौँ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले जलवायु जन्य विपद्बाट दूरसञ्चार पूर्वाधारको संरक्षण, डिजिटल विभाजन न्यूनीकरण तथा कृत्रिम बौद्धिकता (एआई)लगायतका उदीयमान प्रविधिमा समान पहुँच सुनिश्चित गर्न अन्तरराष्ट्रिय सहयोग विस्तार गर्नुपर्नेमा जोड दिनुभएको छ।

कतारको दोहामा जारी अन्त राष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु) को विश्व दूरसञ्चार नीति मञ्च (पीपी-२६) मा नेपालको राष्ट्रिय नीति वक्तव्य प्रस्तुत गर्दै उहाँले विकासोन्मुख तथा अल्पविकसित मुलुकलाई डिजिटल रूपान्तरणको प्रक्रियामा पछाडि पर्न नदिन लक्षित प्राविधिक सहायता, प्रविधि हस्तान्तरण तथा सहुलियतपूर्ण वित्तीय सहयोग आवश्यक रहेको समेत बताउनुभयो। विश्वव्यापी डिजिटल रूपान्तरणले नयाँ अवसर सिर्जना गरे पनि कम्प्युटिङ क्षमता, दक्ष जनशक्ति, लगानी तथा प्रविधिमा असमान पहुँचका कारण विकासोन्मुख मुलुक थप पछाडि पर्ने जोखिम रहेको उहाँले उल्लेख गर्नुभयो।

डिजिटल पहुँचमा रहेको असमानतासँगै कृत्रिम बौद्धिकता, फाइभजीलगायतका उदीयमान प्रविधिमा पहुँचका आधारमा नयाँ प्रकारको डिजिटल विभाजन सिर्जना भइरहेको उहाँको भनाइ थियो। डिजिटल रूपान्तरणको लाभ सबै देश तथा समुदायमा समान रूपमा पुऱ्याउन अन्तरराष्ट्रिय सहकार्य अपरिहार्य रहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो। नेपालले डिजिटल कनेक्टिभिटी विस्तारमा उल्लेखनीय प्रगति गरेको जानकारी दिँदै उहाँले मोबाइल भ्वाइस सेवाको पहुँच जनसङ्ख्याको अनुपातमा शत प्रतिशतभन्दा बढी पुगेको र फाइबर ब्रोडब्यान्डको पहुँच ५३ दशमलव चार प्रतिशत रहेको बताउनुभयो।

ग्रामीण दूरसञ्चार विकास कोषमार्फत सेवा नपुगेका तथा दुर्गम क्षेत्रमा दूरसञ्चार पूर्वाधार विस्तार भइरहेको उल्लेख गर्दै उहाँले राष्ट्रिय सूचना महामार्ग अन्तर्गत २० हजार किलोमिटर बढी अप्टिकल फाइबर विस्तार भइसकेको जानकारी दिनुभयो।

उक्त पूर्वाधारमार्फत २४ हजार ५०० भन्दा बढी सरकारी कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थालाई जोडिएको उहाँले बताउनुभयो। अधिकांशः २४ कोर वा सोभन्दा बढी क्षमताका फाइबर केबल प्रयोग गरिएको जानकारी दिँदै उहाँले फोरजी विस्तारसँगै प्रमुख सहरबाट फाइभजी सेवा सञ्चालन को तयारी भइरहेको उल्लेख गर्नुभयो। नेपालले डिजिटल पूर्वाधार विस्तारमा प्रगति गरे पनि भौगोलिक विकटता, छरिएका बस्ती, सीमित स्रोतसाधन तथा उच्च पूर्वाधार लागतका कारण सबै नागरिकमा समान रूपमा डिजिटल पहुँच पुऱ्याउनु चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो।

जलवायु परिवर्तनका कारण उत्पन्न विपद्ले दूरसञ्चार पूर्वाधार तथा सञ्चार सेवामा गम्भीर जोखिम निम्त्याइरहेको विषयमा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुहुँदै सञ्चारमन्त्री डा. तिमिल्सिनाले सन् २०२६ को अगस्टमा आएको आकस्मिक बाढीले नेपालको मुख्य दूरसञ्चार फाइबर सञ्जालमा क्षति पुऱ्याउनुका साथै १९८ वटा मोबाइल बेस ट्रान्सिभर स्टेसन (बिटीएस) प्रभावित भएको उल्लेख गर्नुभयो।

विपद्का कारण सञ्चार सम्पर्क अवरुद्ध हुँदा उद्धार, राहत तथा आपत्कालीन सूचनाको आदानप्रदानमा चुनौती सिर्जना भएको उहाँले बताउनुभयो। तथापि, प्रभावित सञ्चार सेवामध्ये ९० प्रतिशतभन्दा बढी सेवा तीन दिनभित्र पुनःस्थापित गरिएको उल्लेख गर्दै उहाँले विपद् प्रतिरोधी दूरसञ्चार पूर्वाधार तथा भरपर्दो आपत्कालीन सञ्चार प्रणालीको आवश्यकता थप स्पष्ट भएको बताउनुभयो।

डिजिटल सेवाको विस्तारसँगै बढ्दो साइबर ठगी तथा साइबर सुरक्षाका चुनौती, डिजिटल प्रविधिको प्रयोगमा आवश्यक सीपको अभाव र दूरसञ्चार पूर्वाधारलाई वातावरणमैत्री बनाउने आवश्यकता नेपालको प्राथमिकतामा रहेको उहाँले स्पष्ट पार्नुभयो।

सस्तो र भरपर्दो डिजिटल कनेक्टिभिटी, डिजिटल पूर्वाधार, साइबर सुरक्षा, डिजिटल सीप विकास तथा उदीयमान प्रविधिको जिम्मेवार प्रयोगलाई प्राथमिकताका साथ अघि बढाइरहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो।

उहाँले आइटियु तथा सदस्य राष्ट्रलाई ग्रामीण क्षेत्रमा डिजिटल पहुँच विस्तार, विपद् प्रतिरोधी सञ्चार पूर्वाधार निर्माण, आपत्कालीन सञ्चार प्रणालीको विकास तथा उदीयमान प्रविधिमा समान पहुँच सुनिश्चित गर्न विशेष सहयोग गर्न आग्रह गर्नुभयो। यसका लागि लक्षित प्राविधिक सहायता, सहुलियतपूर्ण ऋण तथा अनुदान, प्रविधि हस्तान्तरण, क्षमता विकास र नीतिगत तथा नियामकीय सुधारमा सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो।

सो क्रममा आइटियुको सन् २०२८-२०३१ को रणनीतिक तथा वित्तीय प्राथमिकता निर्धारण गर्दा अल्पविकसित तथा विकासोन्मुख राष्ट्रका आवश्यकता र आवाजलाई अर्थपूर्ण रूपमा समेट्नुपर्नेमा समेत सञ्चारमन्त्री डा तिमिल्सिनाले जोड दिनुभयो। नेपाल डिजिटल रूपान्तरणका साझा उद्देश्य हासिल गर्न अन्तरराष्ट्रिय समुदायसँग सहकार्य गर्न तयार रहेको उल्लेख गर्दै उहाँले भौगोलिक अवस्थाका कारण कुनै पनि देश डिजिटल विकासको प्रक्रियाबाट पछाडि नछुट्ने विश्वव्यापी डिजिटल भविष्य निर्माण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

पुल बनेपछि यात्रा अवधि छोटियो

म्याग्दी । म्याग्दीको धौलागिरि गाउँपालिका-७ काउसीबोट र वडा नं ४ को बाँसबोट जोड्ने झोलुङ्गे पुल निर्माण भएपछि यात्रा अवधि छोटिएको छ।

सङ्घीय सरकारको सस्पेन्सन ब्रिज डिभिजन काठमाडौं ले म्याग्दी नदीमाथि ३०३ मिटर लामो झोलुङ्गे पुल निर्माण गरेको हो। धौलागिरि गाउँपालिका-७ का राजकुमार कोइरालाका अनुसार पुल निर्माण गरेपछि आवतजावतका लागि यात्रा अवधि छोटिनुका साथै पर्यटकको चहलपहल बढेको बताउनुभयो । उहाँका अनुसार एक घण्टाको यात्रा अवधि पाँच मिनेटमा छोटिएको छ।

धैलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले उक्त पुलबाट हिलापोखरी, बाँसबोट, खोरबाङ, सोलवाङ, खारा, खाम्ला, छहरी, खिवाङ, शिवाङ, ताकम, काफलडाडाका बासिन्दा लाभान्वित भएका जानकारी दिनुभयो । उहाँका अनुसार बाँसबोटका किसानले उत्पादन गरेको केरा बजारीकरणमा सहज भएको छ। पुल निर्माणका लागि २०८२ साल असारमा रामकृष्ण-सोमरस जेभी र डिभिजनबीच रु एक करोड ६४ लाख १५ हजार २५४ मा ठेक्का सम्झौता भएको थियो।

अठार महिनाको ठेक्का अवधि रहेको थियो । निर्धारित समयभित्रै पुल सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधि प्रवीन सापकोटाले बताउनुभयो।

धौलागिरि गाउँपालिकामा यसअघि गत वर्ष दुई वटा ३०० मिटरभन्दा लामा झोलुङ्गे पुल निर्माण भएको थियो । धौलागिरि गाउँपालिका-६ घाइरीबोट र खाउरीबाङ जोड्ने मराङखोलामा ३६५ मिटर र वडा नं -३ फलियागाँउ र दर जोड्ने दरखोलामा ३६६ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको थियो। योसहित हाल म्याग्दीमा ३०० मिटरभन्दा लामा झोलुङ्गे पुलको सङ्ख्या सात वटा पुगेको छ।

रघुगङ्गा गाउँपालिका-१ बेग र बादुक जोड्ने बेगखोलामा ३६५ दशमलव ८० मिटर, मालिका गाउँपालिका-७ बिमवाङ र धौलागिरि गाउँपालिका-६ रिख जोड्ने ३५० मिटर, बेनी नगरपालिका-१ रत्नेचौर र बागलुङ नगरपालिका-४ कुडुले जोड्ने ३८८ मिटर र अन्नपूर्ण गाउँपालिका-५ शिख र किन्दु जोड्ने ३४४ मिटर लामो पुल निर्माण भइसकेका छन्।

भीमफेदी दुर्घटना छानबिन गर्न समिति गठन

हेटौंडा । मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित चिसापानी गढीमा बिहीबार बिहान भएको यात्रुबाहक विद्युतीय गाडी (इभी) दुर्घटनाको छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरिएको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी का अनुसार सहायक प्रमुख जिल्ला अधिकारी शेषकान्त पौडेलको संयोजकत्वमा गठित समितिले दुर्घटनाको कारण पहिचान गरी एक साताभित्र प्रतिवेदन पेस गर्नेछ। समितिमा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक रमेश विष्ट, प्रहरी निरीक्षक उमाशङ्कर प्रसाद, प्रदेशको पूर्वाधार विकास कार्यालयका एक इन्जिनियर र बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन अधिकृत सदस्य छन्।

प्रमुख जिल्ला अधिकारी अधिकारीका अनुसार समितिले सवारी साधनको क्षमताभन्दा बढी यात्रु राखिएको वा नराखिएको, रुट इजाजत, चालकको अवस्था तथा सडकको भौतिक अवस्थाबारे छानबिन गर्नेछ। आगामी दिनमा दुर्घटना न्यूनीकरणका लागि सम्बन्धित निकायले अपनाउनुपर्ने उपाय प्रतिवेदनमा समेटिनेछ। भीमफेदी-देउराली सडकखण्डमा पछिल्लो १३ महिनामा तीनवटा ठूला दुर्घटना भएको उल्लेख गर्दै उहाँले सडक सुरक्षामा तत्काल सुधार आवश्यक रहेको बताउनुभयो । सवारीसाधनमा लागू गरिएको 'टाइम कार्ड' मात्रै दुर्घटना रोक्ने पर्याप्त उपाय नभएको उहाँको भनाइ छ।

बिहीबार (हिजो) बिहान काठमाडौँबाट सर्लाहीतर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०८८० नम्बरको इभी सडकबाट करिब ५०० मिटर तल खस्दा दुर्घटना भएको थियो।

प्रहरीका अनुसार, उक्त दुर्घटनामा १४ जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्।

रास्वपाको प्रतिनिधिमण्डल चीन भ्रमणमा जाँदै

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उच्चस्तरीय प्रतिनिधि मण्डल यही कात्तिक २९ गतेदेखि चीनको भ्रमणमा जाने भएको छ।

चिनियाँ कम्युनिस्ट पार्टी (सिपीसी) को औपचारिक निमन्त्रणामा रास्वपाका महामन्त्री विपिनकुमार आचार्यको नेतृत्वमा १९ सदस्यीय प्रतिनिधिमण्डल चीन जान लागेको पार्टीका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभएको हो। सो भ्रमणका क्रममा सुशासन, आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धि तथा जनअपेक्षा अनुरूपको राजनीतिक नेतृत्व लगायतका विषयमा अनुभव आदानप्रदान तथा छलफल हुने बताइएको छ।

उक्त भ्रमणलाई नेपाल-चीनबीचको आपसी समझदारी, राजनीतिक संवाद तथा विकास सहकार्य विस्तार गर्ने अवसरका रूपमा लिइएको प्रवक्ता खरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रतिनिधि मण्डलमा गणेश पराजुली, हरि ढकाल, कविन्द्र बुर्लाकोटी, लिमा अधिकारी आचार्य, समीक्षा बाँस्कोटा, सागर ढकाल, सुशान्त वैदिक, रीमा विश्वकर्मा, रमेशकुमार सापकोटा, डा धनञ्जय रेग्मी रहनुनेछ। त्यसैगरी गजला शमिम मिकरानी, श्रीराम न्यौपाने, डा राम लामा, पुनमकुमारी अग्रवाल, डा आनन्द बहादुर चन्द, डा सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द शाह र रत्ना थापा रहनुहुने छ।

काठमाडौँ उपत्यकामा पनि छठ पर्वको तयारी सुरु

काठमाडौँ। छठ पर्वका लागि काठमाडौँ उपत्यकाका विभिन्न नदी किनार, तलाउ तथा जलाशयमा तयारी तीव्र पारिएको छ।

काठमाडौँमा पछिल्ला वर्षमा छठ पर्व मनाउनेको सङ्ख्या बढ्दै गएपछि यस वर्ष पनि विभिन्न १७ स्थानमा छठ घाट निर्माण, सरसफाइ तथा व्यवस्थापनको काम भइरहेको छ।

गौरीघाट, गुह्येश्वरी, कमलपोखरी, बागमती नदी किनार, टेकु र वंशीघाटलगायत स्थानमा छठ पर्व मनाउने तयारी गरिएको छ। छठ पर्वका अवसरमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिइ पूजा गर्ने परम्परा छ। चार दिनसम्म विभिन्न विधि र धार्मिक आस्थाका साथ मनाइने यस पर्वमा नदी, पोखरी तथा जलाशयका किनारमा पुगेर व्रतालुले सूर्यको उपासना गर्छन्।

गौरीघाटस्थित छठ पूजा व्यवस्थापन समितिका अध्यक्ष अनिल सिंहका अनुसार गौरीघाटमा मात्रै ५५७ जना व्रतालुले पूजा गर्नसक्ने गरी घाट निर्माण भइरहेको छ। घाटमा पाल टाँग्ने, बत्तीको व्यवस्था गर्ने, नदी किनार सरसफाइ गर्ने तथा आवश्यक पूर्वाधार तयार पार्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो। "काठमाडौँमा पनि छठ मनाउने परम्परा बढ्दो छ। हामीले यसको तयारी अन्तिम चरणमा पुऱ्याएका छौं।

अध्यक्ष सिंहले भन्नुभयो, "अस्ताउँदो र उदाउँदो सूर्यको आराधना गरिने छठको महत्व अपरम्पार छ। भाकल पूरा गर्न पनि छठको व्रत गरिन्छ। व्रतालुलाई सहज हुने वातावरण तयार पार्न हामी जुटेका छौं।" काठमाडौँमा छठ पर्व मनाइने प्रमुख स्थानमा गौरीघाट र गुह्येश्वरी क्षेत्र, कमलपोखरी, बागमती नदी किनारको थापाथली, टेकु, वंशीघाट, कुपण्डोल र बल्खु क्षेत्र रहेका छन्। त्यसैगरी विष्णुमती नदी किनार, नख्खु नदी किनार, तीनकुने दोभान, टङ्केश्वर, बोक्सीदह, कुलेश्वर, रामघाट तथा बालाजुस्थित बाइसधारामा पनि छठ पूजा गर्ने गरिएको छ। काठमाडौँ महानगरपालिकाले विगतका वर्षमा कमलपोखरी, गौरीघाट, बोक्सीदह, बागमती दोभान, टङ्केश्वर, बल्खुस्थित कुमारी क्लब क्षेत्र, कुलेश्वर भलिबल ग्राउन्ड र रामघाटलाई छठ पूजाका प्रमुख स्थलका रूपमा व्यवस्थापन गर्दै आएको छ। छठ पर्वअन्तर्गत कात्तिक २८ गते शनिबार खरना विधि गरिनेछ। कात्तिक २९ गते आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर पूजा गरिनेछ भने कात्तिक ३० गते सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि पर्व सम्पन्न हुनेछ।

मधेस प्रदेशसभाको बैठक कात्तिक २८ गते आह्वान

जनकपुरधाम, २६ कात्तिकः मधेस प्रदेशसभाको बैठक यही कात्तिक २८ गतेका लागि आह्वान गरिएको छ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई प्रदेशसभाबाट विश्वासको मत लिने प्रयोजनका लागि यही कात्तिक २८ गते दिउँसो १ बजेका लागि प्रदेशसभाको बैठक आह्वान गरिएको मधेस प्रदेशका सभामुख रामअशिष यादवले जानकारी दिनुभयो। देशसभाको बैठक सञ्चालनका लागि भोलि कात्तिक २७ गते दिउँसो प्रदेशसभा अन्तर्गतको कार्य व्यवस्था परामर्श समितिको बैठक बस्ने र सोही बैठकले कार्यसूची निर्धारण गर्ने सभामुख यादवले बताउनुभयो । मधेस प्रदेश सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लाग्नुभएको हो। प्रदेशसभाबाट यही कात्तिक २८ गते दिउँसो १ बजे विश्वासको मतका लागि प्रदेशसभा सचिवालयलाई मुख्यमन्त्री यादवले हिजो पत्राचार गर्नुभएको थियो।

विश्वास प्राप्त गर्न विभिन्न राजनीतिक दलसँग संवाद जारी रहेको र विश्वास लिनुअघिसम्म संवाद जारी राख्ने मुख्यमन्त्री यादवले बताउनुभयो। नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा एमालेका चार जना मन्त्रीले गत असोज २५ गते सामूहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । सरकारमा सहभागी नेपाली कम्युनिष्ट पार्टीका चार जना मन्त्रीले यही कात्तिक २० गते राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका हुन्।

यसअघि नै सत्तारुढ दुई दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले सरकार जोगाउन सक्रियता बढाउनुभएको छ। एक सय सात सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ।

मधेस प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन्। त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन्।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com